पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ३४ प्रमाणित मितिः २०७७ कार्तिक ०४ गते

## भाग २

# उपप्रमुखसंग महिला कार्यक्रम कोष सञ्चालन निर्देशिका – २०७७

राष्ट्रलाई समृद्ध बनाउन हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता आवश्यकता छ। पोखरा महानगरपालिका क्षेत्र भित्र रहेका विपन्न, हिंसा/द्वन्द्ध पीडित, दलित, अपाङग र एकल महिलाहरुको आर्थिक अवस्था मजबुत बनाएर स्वरोजगार, आत्मनिर्भर, महिला अधिकार बारे सचेत, शिक्षाको पहुँचबाट बाहिर परेका महिलाहरुलाई शैक्षिक सहजता कार्यक्रम मार्फत शिक्षा प्रदान गर्ने उद्धेश्यले उपप्रमुखसंग महिला कार्यक्रम कार्यविधी २०७४ को अधिनमा रही उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन कोष निर्देशिका २०७७ जारी गरिएको छ।

**प्रारम्भ** : यो निर्देशिका नगर कार्यपालिकाको बैठकबाट पारित भएपछि लागु हुनेछ।

१. **कोष व्यवस्थापन** :– उपप्रमुखसंग महिला कार्यक्रम संचालनको लागि कोषको व्यवस्थापन निम्न अनुसार हुनेछ :

१. नगर सभाबाट उपप्रमुखसंग महिला कार्यक्रमको लागि कोष विनियोजित हुनेछ।

२. कर्जा लगानी बाट आएको रकम ( सावाँ र व्याँज ) कोषमा जम्मा हुनेछ।

३. उपप्रमुखसंग महिला कार्यक्रमको लागि छुट्टाईएको कोषको रकम ८५ प्रतिशत कर्जा लगानी, ७ प्रतिशत शैक्षिक सहजता तथा महिला सशक्तिकरण, ५ प्रतिशत अनुदान र ३ प्रतिशत अनुगमन तथा बैठक सञ्चालनमा प्रयोग गरिनेछ।

२. **कर्जा, अनुदान र कार्यक्रम प्राप्त गर्ने लक्षित वर्ग** :

१. विपन्न वर्ग

२. हिंसा /द्वन्द्ध पीडित

३. अपाङ्गता वा अशक्त (आर्थिक अवस्था कमजोर भएका )

४. दलित तथा एकल (आर्थिक अवस्था कमजोर भएका )

५. आमा समुह/महिला समुह, संघ संस्था

३. **कार्यक्रम** : निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

१. सहकारीसंगको सहकार्य

२. आर्थिक शसक्तिकरणको लागि उद्योग

३.५० महिला उद्यमी ५०० महिला रोजगारी
४.व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम
५.शैक्षिक सहजता तथा महिला शसक्तिकरण कार्यक्रम

**४. कर्जा वा अनुदान प्रदान गर्ने आधारहरु :**

१.महानगरपालिकाको ३३ वटै वडाका महिलाहरुको अवस्था र आवश्यकता हेरेर माग अनुसार समितिले कर्जा र अनुदान प्रदान गर्न सक्नेछ ।
२.कर्जाको लागि माग भएका प्रस्तावहरुलाई समितिको बैठकको निर्णय अनुसार लगानी गरिने छ ।
३.ब्यवसायको आधारमा रकम उपलब्ध गराइनेछ ।
४.नयाँ उद्योग सञ्चालनका लागि १० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ ।
५.संञ्चालनमा रहेका तर समस्या ग्रस्त उद्योगलाई पनि कर्जा उपलब्ध गराउन सकिनेछ।
६.व्यवसायको प्रकृति हेरी कर्जा उपलब्ध गराउँदा समितिको निर्णय अनुसार एक वा दुई किस्तामा उपलब्ध गराइनेछ । दुई किस्तामा कर्जा उपलब्ध गराउदाँ पहिलो किस्ताको रकमको सदुपयोग र प्रभावकारी भएको नदेखिएमा दोश्रो किस्ता उपलब्ध गराउन समिति बाध्य हुनेछैन् ।
७.अस्थायी बासिन्दालाई कर्जा प्रवाह गर्दा टोल वा छिमेकमा स्थायी वसोबास गरेका तिनजना व्यक्ति जमानी बसेको हुनुपर्नेछ ।
८.रु.१ लाख भन्दा तलको रकम भएमा ३ प्रतिशत सम्मको व्याज दर र .रु.१ लाख भन्दा माथीको रकम भएमा ५ प्रतिशत सम्मको व्याज दरमा दिन सकिनेछ

**५. कर्जा लगानी र चुक्तागर्ने शर्तहरु :**

**१.दफा ३ को उपदफा** (१) **को सहकारी**संगको सहर्काय कार्यक्रमको लागि कर्जा लगानी र चुक्ता गर्ने शर्तहरु:
क. निर्देशिकाले लक्षित गरेका महिलाहरुलाई कर्जा प्रदान गर्नुपर्नेछ ।
ख. महिलाहरुद्धारा सचालित सहकारी हुनुपर्नेछ ।
ग. समितिले तीन प्रतिशत सम्मको ब्याजमा सहकारीलाई रकम

उपलब्ध गराउनेछ ।
घ. सहकारीको निश्चित सेवा शुल्क जोडेर समितिले तोकेको व्याज दरमा सहकारीले कर्जा लगानी गर्नु पर्नेछ ।
ङ. ऋणीले समयमा कर्जा चुक्ता नगरे पनि सहकारीले निश्चित अवधि भित्र साँवा र ब्याज फिर्ता गर्नुपर्नेछ ।
च. तिन वर्ष भित्र रकम चुक्ता गर्नुपर्नेछ ।
छ. नियमित रुपमा साँवा व्याज चुक्ता गर्ने सहकारीहरुलाई वार्षिक रुपमा थप कर्जा उपलव्ध गर्दै जान सकिने र पुरुस्कृत पनि गरिनेछ ।

२. **दफा ३ को उपदफा** (२) **को आर्थिक** शसक्तिकरणको लागि उद्योग, उपदफा (३) को ५० महिला उद्यमी ५०० महिला रोजगारी र उपदफा (४) को ब्यवसायीक कृषि र पशुपालन कार्यक्रमको हकमा कर्जा लगानी र चुक्ताको लागि निम्न शर्तहरु पालना गर्नुपर्नेछ :
क.ब्यवसाय सुरु गरेको ६ महिनासम्म ब्याज र त्यसपछि सावाँ र व्याज दुवै भुक्तानी गर्नुपर्नेछ ।
ख.बढीमा ३ वर्ष भित्र कर्जा चुक्ता गर्नुपर्नेछ ।
ग.मासिक रुपमा साँवा र व्याज बुझाउनु पर्नेछ ।
घ.नियमित सावाँ र ब्याज बुझाएमा प्रोत्साहन स्वरुप तिरेको ब्याजको ५ प्रतिशत छुट अन्तिम किस्तामा दिन सकिनेछ ।
ङ.नियमित रुपमा सावाँ ब्याज बुझाउन बेवास्ता गरेमा महानगरपालिकाबाट उपलब्ध गराइने सेवासुविधानबाट बञ्चित गराउन सकिनेछ ।
च.विशेष कारणले समयमा रकम बुझाउन नसक्ने अवस्था आएमा तत्काल कारण खुलाएर समितिमा लिखित जानकारी गराउनु पर्नेछ ।
छ.समितिमा आएको निवेदनमा छलफल गरि उपयुक्त कारण देखिन आएको अवस्थामा ऋण मिनाहा समेत गर्न सकिनेछ ।

३. **दफा ३ को उपदफा (५) शैक्षिक** सहजता तथा महिला शसक्तिकरण कार्यक्रम निम्न अनुसार सन्चालन हुनेछ :
१. **शैक्षिक सहजता कार्यक्रम** : विभिन्न कारणले शिक्षा आर्जन गर्नबाट बञ्चित भएका महिलाहरुको लागि निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ :

क. अनौपचारिक शिक्षा आर्जनको लागि तिन महिने तालिम ।
ख. माग अनुसार ई.शिक्षा समेत सञ्चालन गर्न सकिने ।
ग. शिक्षा महाशाखा र विभिन्न संघ संस्थाहरुसंगको सहकार्य र साझेदारीमा पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**२.महिला शसक्तिकरण कार्यक्रम :–** महिलाहरुलाई शसक्तिकरण गर्नको लागि निम्नकार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ :
क.महिला हिंसा विरुद्ध
ख.महिला अधिकार र कानुन संवन्धि सचेतना तथा प्रशिक्षण ।
ग.न्यायिक समिति र विभिन्न संघ संस्थाहरुसंगको सहकार्य र साझेदारीमा पनि कार्यकम सञ्चालन गर्न सकिनेछ ।

६. **कर्जा मिनाहा गर्न सक्ने अवस्था** : समितिले निम्न अवस्थामा वडाको सिफारिसमा कर्जा मिनाहा गर्न सक्नेछ :
क. प्राकृतिक प्रकोपको कारणले ऋण चुक्ता गर्न नसकेको अवस्थामा (जस्तैः आगलागी, बाढी पहिरो, दुर्घटना, महामारी, भूकम्प, दिर्घ रोग लागेमा ) ।
ख. ऋणीको मृत्यु भएर असुलउपर गर्ने कुनै आधार नभएमा ।
ग. प्रहारी मुचुल्का
घ. समितिको अनुगमन

७. **कार्यक्रम माग गर्दा पेश गर्नुपर्ने कागजातहरु**
**१.ब्यक्तिगत कर्जाका लागि**
क.वडाको सिफारिस
ख.लक्षित वर्ग पुष्टि गर्ने प्रमाण
ग.नागरिकताको प्रतिलिपि
घ.फोटो दुई प्रति
ङ.ब्यवसाय दर्ताको प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्र तथा तालिमको प्रमाणपत्रको प्रतिलिपि आवश्यकता अनुसार

२.आमा समुह/समुह तथा संस्थागतको लागि
क.वडाको सिफारिस

ख.संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि
ग.संस्थागत निर्णयको प्रतिलिपि
घ.लेखा परिक्षण प्रतिवेदन
ङ. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यकता अनुसार)

३.कार्यक्रम सञ्चालन गर्दा विशेष गरेर वडाको महिला सदस्यहरुको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।
४. अनुगमनको व्यवस्था : कार्यक्रम प्रभावकारी बनाउन अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

५.कार्यक्रम माग गर्दा कार्यक्रम अनुसार अनुसुची १ को क, ख र ग अनुसारको निबेदनको ढाचाँको फाराम भर्ने र अनुसुची २ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।
६.माग र आवश्यकता आधारमा तालिमको समेत ब्यवस्था गर्न सकिनेछ ।

७. निर्देशिकामा उल्लेखित दफाहरुको कार्यान्वयन गर्दा बाधा अडकाउ परेमा सोको ब्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

**अनुसूची १**

निवेदनको नमूना

उप- प्रमुखसँग महिला कार्यक्रम

(क) व्यक्तिगत कर्जा माग फाराम

मितिः २० / /

श्री संयोजकज्यू
उप-प्रमुखसँग महिला कार्यक्रम संचालक समिति
पोखरा महानगरपालिका
न्यूरोड, कास्की ।

विषयः कर्जा उपलब्ध गराई पाऊ ।

महोदय,

पोखरा महानगरपालिकाबाट सञ्चालित उपप्रमुखसँग महिला कार्यक्रम२०७५/०७६ बाट प्रदान गरिने कर्जा श्री ..........................को छोरी /श्रीमती पोखरा महानगरपालिका वडा नं ..........................बस्ने वर्ष............को श्री ........................................ ...ले उप प्रमुखसँग महिला कार्यक्रमको उद्देश्य अनुरुप आयआर्जन गर्न निम्न व्यवसाय संचालन गर्न कर्जा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

**क) लक्षित वर्ग**

१) विपन्न वर्गको महिलाः

२) आर्थिक अवस्था कमजोर भएका (एकल महिला/अपांगता / हिंसा/द्वन्द्ध पिडित महिला)

**ख. व्यवसायको नाम**..........................................

**ग) व्यवसाय संचालन गर्ने स्थानः**

पोखरा महानगरपालिका वडा नं ......... टोल.................... घर नं

सम्पर्क टेलिफोन नं : मोवाइल नं :

**घ) व्यवसाय संचालन गर्नको लागि मैले निम्न अनुसारको विवरण पेश गरेको छु ।**

१) नागरिकताको फोटोकपी

२) शैक्षिक योग्यताको प्रमाणपत्र(भएमा)

३) तालिमको प्रमाणपत्रको प्रतिलिपी(भएमा)

४)फोटो २ प्रति

५) वडाको सिफारिस

६) अन्य

पो.म.न.पा.

निवेदक

नाम

दस्तखत................

वडा नं

सम्पर्क नं

निवेदनको नमूना

उप- प्रमुखसँग महिला कार्यक्रम

अनुसुचि १

(ख) संस्थागत /समुहगत रुपमा भर्ने कर्जा माग फाराम

मितिः २० / /

श्री संयोजकज्यू
उप-प्रमुखसँग महिला कार्यक्रम संचालक समिति
पोखरा महानगरपालिका
न्यूरोड, कास्की ।

विषयः कर्जा उपलब्ध गराई पाऊ ।

महोदय,

पोखरा महानगरपालिकाबाट सञ्चालित उपप्रमुखसँग महिला कार्यक्रम २०७५/०७६ बाट प्रदान गरिने कर्जा .................................................................... ..........ले उप प्रमुखसँग महिला कार्यक्रमको उद्देश्य अनुसार समितिले तोकेको नियम भित्र रहेर काम गर्ने शर्तमा कर्जा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौ ।

**क) लक्षित वर्ग**

१) विपन्न वर्गको महिलाः

२) आर्थिक अवस्था कमजोर भएका (एकल/अपांग/द्वन्द्व/हिंसा पिडित महिला)

**ख. संस्थाको नाम**.........................................

**ग) स्थानः**

पोखरा महानगरपालिका वडा नं ......... टोल.................... घर नं

सम्पर्क टेलिफोन नं : मोवाइल नं :

**घ) व्यवसाय संचालन गर्नको हामीले निम्न अनुसारको विवरण पेश गरेको छु ।**

१) वडाको सिफारिस

निवेदक.

नामः
पद
दस्तखत
संस्था
पो.म.न.पा.वडा नं
सम्पर्क नं

अनुसुचि १

निवेदनको नमूना

उप- प्रमुखसँग महिला कार्यक्रम

(ग) सहकारी संस्थाले भर्ने कर्जा माग फाराम

मितिः २० / /

श्री संयोजकज्यू
उप-प्रमुखसँग महिला कार्यक्रम संचालक समिति
पोखरा महानगरपालिका
न्यूरोड, कास्की ।

विषयः कर्जा उपलब्ध गराई पाऊ ।

महोदय,

पोखरा महानगरपालिकाबाट सञ्चालित उपप्रमुखसँग महिला कार्यक्रम २०७५/०७६ बाट प्रदान गरिने कर्जा ............................................................ ................................सहकारीले उप प्रमुखसँग महिला कार्यक्रमको उद्देश्य अनुसार समितिले तोकेको नियम भित्र रहेर काम गर्ने शर्तमा कर्जा उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौ ।

**क) लक्षित वर्ग**

१) विपन्न वर्गको महिलाः

२) आर्थिक अवस्था कमजोर भएका (एकल /अपांग / द्धन्द्ध/हिंसा पिडित महिला)

**ख. सहकारीको नाम**.......................................

**ग) स्थानः**

पोखरा महानगरपालिका वडा नं ......... टोल.................... घर नं

सम्पर्क टेलिफोन नं : मोवाइल नं :

**घ) व्यवसाय संचालन गर्नको हामीले निम्न अनुसारको विवरण पेश गरेको छु ।**

१) सहकारी संस्था दर्ताको प्रमाण पत्र

२) वडाको सिफारिस

निवेदक.
नामः
पद
स्तखत
सहकारी...............
पो.म.न.पा. वडा नं
सम्पर्क नं

अनुसूची २
संझौता
**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
न्यूरोड, कास्की
गण्डकीं. प्रदेश, नेपाल

पत्रसंख्या : २०७५/०७६

मिति :२० / /

सम्झौता पत्र

पोखरा महानगरपालिकाको स्वीकृत बार्षिक विकास कार्यक्रम अनुसार सामाजिक विकास तर्फ उप-प्रमुखसँग महिला कार्यक्रम अन्तरगत ५० महिला उद्यमी ५०० महिला रोजगार कार्यक्रम अर्न्तगतकार्यक्रम कार्यान्वयनका लागि कर्जा परिचालन गर्दा तपसिल बमोजिमका दुई पक्षहरुविच उल्लेखित बजेट तथा शर्तहरुका आधारमा आपसी सहमतिमा यो सम्झौता पत्र लिने दिने काम गरिएको छ ।

१. सम्झौताका पक्षहरु:

क) प्रथम पक्ष : पोखरा महानगरपालिका ,नगर कार्यपालिकाको कार्यालय, पोखरा कास्की

ख) द्वितिय पक्षः

२. बजेट व्यवस्थाः

(क) आ.वः २०७५/०७६

(ख) स्वीकृती प्राप्त भएको निकायः पोखरा म.न.पा

(ग) वडास्तरीय/नगरस्तरीय:नगरस्तरीय

(घ) विषय क्षेत्र : उपप्रमुखसँग महिला कार्यक्रम

(ङ)योजना शिर्षकको नामः

योजना कोड नं : स्वीकृत बार्षिक विकास कार्यक्रम कितावको पाना नं :

(च) द्वितिय पक्षले पेश गरेको योजना/ कार्यक्रमको नामः

(छ) द्वितिय पक्षबाट पेश गरेको प्रस्ताव बमोजिम कुल रकम रु :

(ज) प्रथम पक्षसँग माग गरिएको रकम रु

(झ) स्वीकृत रकम/महानगरले परिचालन स्वरुप उपलब्ध गराउने रकम

(ञ) द्वितिय पक्षको सहभागिता /सहभागिता रकम रु.

३. आयोजना/ कार्यक्रम संचालन तथा सम्पन्न मिति/अवधि

(क) आयोजना /कार्यक्रम शुरु हुने मितिः

(ख) आयोजना /कार्यक्रम सम्पन्न हुने मितिः

४. शर्तहरुः

१) दोश्रो पक्षले पहिलो पक्षलाई कर्जा लगेको ६ महिनामा कर्जाको व्याज मात्र भुक्तानी गर्नुपर्ने र त्यसपछि साँवा व्याज किस्ताबन्दी रुपले ..... ............................................................दरले भुक्तानी गर्नुपर्नेछ ।

२) दोश्रो पक्षले आफू अन्तर्गतका फर्म वा सदस्यलाई कर्जा परि चालन गर्दा व्यक्तिगत रुपमा भएमा रु २ लाख देखि ५ लाख सम्म परिचालन गर्न सक्नेछ ।

३) दोश्रो पक्षले ५० वर्षभन्दा माथि उमेरको व्यक्तिलाई परिचालन गर्न बाध्य हुनेछैन ।

४) उल्लेखित कर्जा .उत्पादनमुलक कार्यमा कार्यविधिले तोकेका लक्षित वर्गलाई प्रयोग गर्न दिनुपर्नेछ ।

५) महानगरपालिकाले. तोकेको कर्जाको शर्त मान्न मञ्जुर छ ।

६) पहिलो पक्षबाट दोश्रो पक्षले लिएको कर्जा तोकिएको नियमानुसार भुक्तान गर्न मञ्जुर छ ।

७) द्वितिय पक्षले पहिलो पक्षसँग आवश्यकतानुसार अन्य सम्बन्धित संस्थासँग अनिवार्य रुपमा समन्वय गरि कार्य संचालन गर्नुपर्नेछ ।

(ख) द्वितिय पक्षले तिर्नुपर्ने कुनै पनि कर वा राजश्व नेपाल सरकार तथा यस महानगरपालिकाको नियमानुसार हुनेछ ।

(ग) प्रथम पक्षले कार्यक्रमको अनुगमन गर्नेछ र दोश्रो पक्षले चौमासिक रुपमा प्रगति प्रथम पक्षलाई बुझाउनुपर्नेछ

घ) दुवै पक्षले यस सम्झौतामा उल्लेख गरिएबमोजिमको कार्य मात्र गर्नुपर्नेछ ।

(छ) उल्लेखित गरिएदेखि बाहेक अन्य कुराहरु महानगरपालिकाको

प्रचलित कानुन अनुसार आपसी सहमतिमा तय गरिनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखत ................................. | दस्तखत ................................. |
| नाम : | संस्थाको नाम : |
| पद : | सहि गर्नेको नाम : |
| मिति : | ना.प्र.नं. : |
| कार्यालय : | पद : |
| रोहबर : | मिति : |
| नाम : | |

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**